June 24th, 2026

Wednesday

राष्ट्रिय समाचार

प्रमुख समाचार:

१. संयुक्त राष्ट्र संघमा पाकिस्तानले कश्मीर मुद्दा उठाएकोमा भारतद्वारा कडा आपत्ति

२. इरानमा रहेको भारतीय दूतावासद्वारा आफ्ना नागरिकहरूका लागि परामर्श जारी

३. पश्चिम बंगालको कोलकातामा निर्माणाधीन गोदाम भत्किँदा तीन जनाको मृत्यु, पाँच जना घाइते

४. हक्की इन्डियाद्वारा अर्को महिना हुने बेलायत भ्रमणको लागि २४ सदस्यीय जुनियर महिला टोलीको घोषणा

५. फिफा विश्वकपमा, कोलम्बिया कंगोलाई १-० ले पराजित गर्दै नकआउट चरणमा प्रवेश

१. India – UN - Pak

संयुक्त राष्ट्र संघमा पाकिस्तानले कश्मीर मुद्दा उठाएकोमा भारतले कडा आपत्ति जनाएको छ। पाकिस्तानले संयुक्त राष्ट्र संघको मञ्चलाई राजनीतिकरण गरेको आरोप भारतले लगाएको छ। सह-अध्यक्षको रूपमा निष्पक्षता कायम राख्नुको सट्टा पाकिस्तानले आफ्नो अडान दुरुपयोग गरेको भारतले बताएको छ। संयुक्त राष्ट्र संघका लागि भारतका स्थायी प्रतिनिधि पी. हरीशले सह-अध्यक्षको रूपमा पाकिस्तानको आचरणको आलोचना गर्नुभयो । पाकिस्तानका स्थायी प्रतिनिधि असीम इफ्तिखार अहमदको टिप्पणीको जवाफ दिँदै पी. हरीशले जम्मू कश्मीरमा भारतको लामो समयदेखिको अडान दोहोर्‍याउनुभयो। उहाँले भन्नुभयो, केन्द्र शासित प्रदेश जम्मू कश्मीर पूर्णतया भारतको आन्तरिक मामिला हो।

## २. Indian Embassy – Tehran – Advisory

इरानको तेहरानमा रहेको भारतीय दूतावासले भारतीय नागरिकहरूका लागि संशोधित परामर्शहरू जारी गरेको छ। दूतावासले तेहरानमा रहेका भारतीय नागरिकहरूलाई अर्को सूचना नआएसम्म अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ। साथै स्थानीय अधिकारीहरूको निर्देशनहरू पालना गर्न पनि आग्रह गरेको छ।

## ३. Goyal – American Delegation

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज अमेरिकी व्यापार प्रतिनिधि राजदूत जेमिसन ग्रीर र उहाँको प्रतिनिधिमण्डलसँग भेटघाट गर्नुभयो। श्री गोयलले सामाजिक सञ्जाल पोस्टमा भारत-अमेरिका व्यापार वार्ताको प्रगतिको समीक्षा गरेको र दुई देशबीचको आर्थिक साझेदारीलाई अझ सुदृढ पार्ने अवसरहरू खोजी गरेको उल्लेख गर्नुभयो ।

## ४. India – UAE Defence

भारत र संयुक्त अरब इमिरेट्स (युएई) ले रणनीतिक रक्षा साझेदारी ढाँचा अन्तर्गत रक्षा सहयोगलाई अगाडि बढाउन आज नयाँ दिल्लीमा बैठक आयोजना गऱ्यो । रक्षा मन्त्रालयले सामाजिक सञ्जाल पोस्टमा जनाएअनुसार बैठकको सह-अध्यक्षता संयुक्त सचिव (अन्तर्राष्ट्रिय सहयोग) अमिताभ प्रसाद र युएईका ब्रिगेडियर जनरल जमाल इब्राहिम मोहम्मद इब्राहिम अल्मार-जुकीले गर्नुभएको थियो। छलफलका मुख्य विषयहरूमा रक्षा उद्योग सहयोग विस्तार गर्नु, नवप्रवर्तनलाई प्रवर्द्धन गर्नु, अद्वितीय प्रविधिहरूको उपयोग गर्नु र समुद्री सुरक्षालाई सुदृढ पार्नु रहेका छन्।

## ५. MEA - Korea

विदेशमन्त्री डा. एस. जयशंकरले चुनौतीपूर्ण विश्वव्यापी वातावरणमा भारत-दक्षिण कोरिया सम्बन्धलाई अझ सुदृढ पार्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ। उहाँले साझा मूल्यमान्यता र पारस्परिक विश्वास भएका देशहरूले सँगै मिलेर अझ नजिकबाट काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले दक्षिण कोरियाली विदेशमन्त्री चो ह्युनसँगको सियोलमा भएको भेटमा यस्तो टिप्पणी गर्नुभएको हो।

## ६. National Highway – Illegal

राष्ट्रिय राजमार्ग प्राधिकरणले देशभरका राष्ट्रिय राजमार्गहरूमा अवैध पार्किङ र अतिक्रमण हटाउने अभियानलाई तीव्र बनाएको छ। सडक यातायात तथा राजमार्ग मन्त्रालयले सर्वोच्च अदालतको निर्देशन अनुसार यो कारबाही भइरहेको बताएको छ। यसको उद्देश्य राष्ट्रिय राजमार्गहरूलाई सुरक्षित, थप पहुँचयोग्य र यात्रुहरूका लागि बढी सुविधाजनक बनाउनु हो।

## ७. WB – Warehouse Collapse

पश्चिम बंगालको कोलकातामा आज निर्माणाधीन गोदाम भत्किँदा तीन जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। मुख्यमन्त्री शुभेन्दु अधिकारी र राज्यमन्त्री अग्निमित्र पल र डा. इन्द्रनील खानले घटनास्थल पुगेर स्थितिको समीक्षा गर्नुभयो। उद्धार कार्य जारी छ।

## ८. IMD Alert

मौसम विभागले आज कोंकण र गोवामा भारी वर्षाको लागि उच्च सतर्कता जारी गरेको छ। तटीय कर्नाटक र मध्य महाराष्ट्रमा आगामी दुई दिनसम्म यस्तै मौसमको अवस्था रहने अनुमान गरिएको छ। असम, मेघालय, भित्री कर्नाटक, ओडिशा, तेलंगाना, पश्चिम बंगाल र सिक्किममा २९ तारिखसम्म भारी वर्षाको पूर्वानुमान गरिएको छ। दिल्ली, हरियाणा, चण्डीगढ, पञ्जाब, हिमाचल प्रदेश, उत्तराखण्ड, जम्मू र कश्मीर र लद्दाखमा शनिबारसम्म तेज हावा हुरीसँगै वर्षा हुने पूर्वानुमान गरिएको छ।

## ९. Arunachal Pradesh Rainfall

अरुणाचल प्रदेशको तल्लो सुबन्सिरी जिल्लामा भारी वर्षा हुँदा असमका विभिन्न सीमावर्ती जिल्लाहरूको तल्लो क्षेत्रहरूमा बाढीको जोखिम बढेको छ। हाम्रा संवाददाताका अनुसार असमका सबै सम्बन्धित विभागहरू उच्च सतर्कतामा रहेका छन्।

## १०. Europe - Heatwave

अब अन्तरराष्ट्रिय प्रसंगः युरोप अहिले तीव्र गर्मीको चपेटामा परेको छ। धेरै देशहरूमा उच्च तापमान रेकर्ड गरिएको छ। विश्व स्वास्थ्य संगठनले यो अवस्थालाई गम्भीर स्वास्थ्य आपतकालको रूपमा वर्णन गरेको छ। उच्च तापमान रेकर्ड गरिएका देशहरूमा फ्रान्स, स्पेन, बेलायत र इटली रहेका छन्।

## ११. Ebola – Cases

कङ्गोमा हालसम्म इबोलाका एक हजार ९४ मामिलाहरू रिपोर्ट गरिएका छन्, जसमध्ये २७७ जनाको मृत्यु भएको छ। युगान्डामा इबोलाका २० मामिला पुष्टि भएको छ, जसमध्ये दुई जनाको मृत्यु भएको छ। यसैबीच, युगान्डा र कंगोले इबोला प्रकोपसँग लड्न सहकार्य सुरु गरेका छन्।

## १२. Sports News

अब खेल समाचारः हकी इन्डियाले जुलाई ५ देखि १४ सम्म बेलायत भ्रमणको लागि २४ सदस्यीय जुनियर महिला टोलीको घोषणा गरेको छ। नयाँ प्रशिक्षक टिम ह्वाइटको नेतृत्वमा भारतीय टोलीले जुनियर एसिया कप सहित आगामी अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको तयारीका लागि स्कटल्याण्ड र इङ्गल्याण्डमा सात खेल खेल्नेछ।

ब्याडमिन्टनमा त्रिषा जोली र गायत्री गोपीचन्द युएस ओपनको महिला युगल स्पर्धाको प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। भारतीय जोडीले स्पेनकी पाउला लोपेज र लुसिया रोड्रिगेजलाई पराजित गरे। प्रि-क्वार्टरफाइनलमा उनीहरूले जापानकी सुमिरे नाकाडे र मियु

ताकाहाशीको सामना गर्नेछन्। फिफा विश्वकपमा मेक्सिकोमा खेलिएको समूह K को खेलमा कोलम्बियाले कंगोलाई १-० ले पराजित गर्दै नकआउट चरणमा प्रवेश गरेको छ। यसअघि, ह्युस्टनमा भएको सोही समूह खेलमा पोर्चुगलले उज्बेकिस्तानलाई पराजित गरेको थियो। ४१ वर्षीय क्रिस्टियानो रोनाल्डोका दुई उत्कृष्ट गोलले पोर्चुगलल ाई उज्बेकिस्तानमाथि ५-० को जित हासिल गर्न मद्दत गरेको थियो।